# सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढिकरणआयोजना सम्बन्धी अभिमूखिकरण कार्यक्रमको

# प्रतिवेदन २०७८

**आयोजक**

लिखु गाँउपालिका, गाँउ कार्यपलिकाको कार्यालय, यसम

पञ्जीकरण उप-शाखा

ओखलढुंगा, प्रदेश न: १

नेपाल

१. **पृष्ठभुमिः**

लिखु गाउँपालिकाको आर्थिक बर्ष ०७८/७९ मा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले उपलब्ध गराएको तालिम खाका बमोजिम घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धमा नपा/गापा, वडा कार्यालयका कर्मचारीहरुको लागि तालिम तथा जनप्रतिनिधिहरुलाई अभिमुखिकरण कार्यक्रम सञ्चालन खर्च शिर्षकमा २,४६,०००।- बजेट विनियोजन भएको र सो को आधारमा यस गाउँपालिका का जनप्रतिनिधि तथा स्थानीय निकायका कर्मचारीहरुलाई सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढिकरण आयोजना सम्बन्धी ३ दिने अभिमुखिरकण कार्यक्रम प्रदान गरी प्रस्तावित स्वीकृत रकमको फछ्र्यौटको लागि कार्यक्रमको प्रतिवेदन पत्र तयार गरिएको छ।

२. **लक्ष तथा उदेश्य**:

- आयोजनाको परिचय र आयोजनाको समयावधि बारे स्पष्ट हुनु।
- गुनासो सुनुवाई तथा गुनासो व्यवस्थापन प्रणालीको बारेमा जानकारी प्रदान गर्नु।
- डिजिटाइजेसन प्रणालि तथा दर्ता शिविर सञ्चालन बारेमा जानकारी प्रदान गर्नु।

३. **सञ्चालन भएको स्थान**: गाउँपालिकको सभाहल
४. **सञ्चालन भएको समयावधि**: २०७८।१०।०५ गते देखि ०७ गते सम्म।
५. **लाभान्दित**: जनप्रतिनिधि तथा वडा कार्यलयमा कार्यरत कर्मचारीहरु।

६. **सम्पादित क्रियाकलाप**:

**प्रथम दिन**

**आयोजना सम्बन्धी १ दिने अभिमुखिकरण कार्यक्रम**

- पहिलो सेसन
  - उद्घाटन समारोह, कार्यक्रमको बजेट व्यवस्थापन बारेमा जानकारी
  - आयोजना उदेश्यका बारेमा जानकारी।
- दोस्रो सेसन (स्लाईड मार्फत प्रशिक्षण) कक्षाका विषयसूचीहरुः-
  - आयोजनाको परिचय, आयोजनाका निर्देशक समिति र व्यवस्थापन इकाई
  - निर्देशक समितिमा प्राविधिक समूहको काम र कर्तव्य,
  - आयोजनाको मूल उद्देश्य तथा नीतिगत व्यवस्था,
  - आयोजनाको मुख्य कार्य तथा क्रियाकपालहरु,
  - सामाजिक सुरक्षा भत्ता वितरणमा विभागको भुमिका,
- तेस्रो सेसन (स्लाईड मार्फत प्रशिक्षण) कक्षाका विषयसूचीहरुः-
  - केन्द्र र स्थानीय तहवीचको समन्वय सम्बन्धी व्यवस्थापन,
  - स्थानीय तहमा आयोजना समन्वय समिति गठन र समितिको काम, कर्तव्यहरु,
  - आयोजना हुने लाभ तथा आयोजना सञ्चालनको समयावधि,
  - आयोजनाका कम्पोनेन्टहरु,
  - सेवा ईकाइको परिभाषा र सेवा ईकाइ स्थापना सम्बन्धी व्यवस्था,
- चौस्रो सेसन (स्लाईड मार्फत प्रशिक्षण) कक्षाका विषयसूचीहरुः-
  - सेवा ईकाइका काम कर्तव्य र नतिजा सूचकको माध्यम।
  - कसुर र सजाय र सामाजिक सुरक्षा भत्ता बिद्युतिय माध्यमबाट भुक्तानी।
  - कार्यक्रममा सहभागीहरुको मन्तव्य,
  - कार्यक्रमको प्रमुख अतिथि तथा अध्यक्षको मन्तव्यसँगै कार्यक्रमको समापन।

**दोस्रो दिन**

**गुनासो सुनुबाई सम्बन्धी १ दिने अभिमुखिकरण कार्यक्रम**

- पहिलो सेसन
  - उद्घाटन समारोह, कार्यक्रमको बजेट व्यवस्थापन बारेमा जानकारी
  - आयोजना उदेश्यका बारेमा जानकारी।
- दोस्रो सेसन (स्लाईड मार्फत प्रशिक्षण) कक्षाका विषयसूचीहरु:-
  - गुनासो सुनुवाई तथा नागरिक सहभागिता अभिवृद्धि सम्बन्धी व्यवस्था,
  - गुनासो दर्ता गर्ने माध्यम र गुनासो दर्ता सम्बन्धी व्यवस्था,
  - गुनासो दर्ता गर्दा संलग्न गर्नुपर्ने कागजात र विवरणहरु,
  - गुनासो व्यवस्थापन प्रक्रिया र गुनासो व्यवस्थापान गर्ने संयन्त्रहरु,
- तेस्रो सेसन (स्लाईड मार्फत प्रशिक्षण) कक्षाका विषयसूचीहरु:-
  - स्थानीय तहमा र वडा स्तरिय गुनासो सुनुवाई व्यवस्थापन समिति,
  - वडा स्तरिय गुनासो सुनुवाई व्यवस्था र गुनासो सम्बन्धी अन्य व्यवस्था,
  - कसुर र कसुर गरे वमोजिमको सजाय सम्बन्धी,
  - गुनासोको वर्गिकरण र गुनासो दर्ता फारम सम्बन्धी,
- चौस्रो सेसन (स्लाईड मार्फत प्रशिक्षण) कक्षाका विषयसूचीहरु:-
  - गुनासो दर्ता तथा फछर्यौट विवरण फारम।
  - कार्यक्रममा सहभागीहरुको मन्तव्य ,
  - कार्यक्रमको प्रमुख अतिथि तथा अध्यक्षको मन्तव्यसँगै कार्यक्रमको समापन।

**तेस्रो दिन**

**दर्ता शिविर सञ्चालन सम्बन्धी १ दिने अभिमुखिकरण कार्यक्रम**

- पहिलो सेसन
  - उद्घाटन समारोह, कार्यक्रमको बजेट व्यवस्थापन बारेमा जानकारी
  - आयोजना उदेश्यका बारेमा जानकारी।
- दोस्रो सेसन (स्लाईड मार्फत प्रशिक्षण) कक्षाका विषयसूचीहरु:-
  - दर्ता शिविर सञ्चालनको उद्देश्य र दर्ता शिविर सञ्चालन प्रकृया,
  - ईन्टरनेटको पहुँच नपुगेको स्थानीय तहमा दर्ता शिविर सञ्चालन गर्ने विधि,
  - ईन्टरनेटको पहुँच पुगेको स्थानमा दर्ता शिविर सञ्चालन गर्ने विधि,
  - दर्ता शिविर सम्बन्धी विशेष व्यवस्था,
- तेस्रो सेसन (स्लाईड मार्फत प्रशिक्षण) कक्षाका विषयसूचीहरु:-
  - दर्ता शिविर सञ्चालन सम्बन्धी पूर्व सूचना तथा सञ्चार,
  - दर्ता शिविर सञ्चालनमा खटिने जनशक्तिलाई तालिम।
- चौस्रो सेसन (स्लाईड मार्फत प्रशिक्षण) कक्षाका विषयसूचीहरु:-
  - कार्यक्रममा सहभागीहरुको मन्तव्य ,
  - कार्यक्रमको प्रमुख अतिथि तथा अध्यक्षको मन्तव्यसँगै कार्यक्रमको समापन।

७. **खर्च भएको रकम**:

**पहिलो दिन**

**१.** आयोजना सम्बन्धी अभुमूखिकरण कार्यक्रम ।

| सि.नं | बिबरण | परिमाण | दिन | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सहभागीहरु | ४३ | १ | १००० | ४३००० | |
| २ | प्रशिक्षक | २ | १ | २००० | ४००० | |
| ३ | का.स. | २ | १ | ५०० | १००० | |
| ४ | खाना | ४७ | | २२० | १०३४० | |
| ५ | खाजा | ४७ | | २०० | ९४०० | |
| ६ | स्टेशनरी | ४७ | | २०० | ९४०० | |
| ७ | फ्लेक्स | १ | | १००० | १००० | |
| ८ | प्रतिवेदन | १ | | १००० | १००० | |
| ९ | विविध | | | | २५०० | |
| | **जम्मा** | | | | **८१,६४०** | |

**दोस्रो दिन**

२. गुनासो सुनुवाई सम्बन्धी अभिमिखिकरण

| सि.नं | बिबरण | परिमाण | दिन | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सहभागीहरु | ३५ | १ | १००० | ३५००० | |
| २ | प्रशिक्षक | २ | १ | २००० | ४००० | |
| ३ | का.स. | १ | १ | ५०० | ५०० | |
| ४ | खाना | ३८ | | २९५ | ११२१० | |
| ५ | खाजा | ३८ | | २०० | ७६०० | |
| ६ | स्टेशनरी | ३८ | | २०० | ७६०० | |
| ७ | फ्लेक्स | १ | | १००० | १००० | |
| ८ | प्रतिवेदन | १ | | १००० | १००० | |
| ९ | विविध | | | | १००० | |
| | **जम्मा** | | | | **६८,९१०** | |

**तेस्रो दिन**

३. दर्ता शिविर सम्बन्धी अभिमुखिकरण ।

| सि.नं | बिबरण | परिमाण | दिन | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सहभागीहरु | २८ | १ | १००० | २८००० | |
| ३ | प्रशिक्षक | २ | १ | २००० | ४००० | |
| ४ | का.स. | १ | १ | ५०० | ५०० | |
| ५ | खाना | ३१ | १ | २९५ | ९१४५ | |
| ६ | खाजा | ३१ | १ | २०० | ६२०० | |
| ७ | स्टेशनरी | ३१ | | २०० | ६२०० | |
| ८ | फ्लेक्स | १ | | १००० | १००० | |
| ९ | प्रतिवेदन | १ | | १००० | १००० | |
| १० | विविध | | | | १००० | |
| | **जम्मा** | | | | **५७,०४५** | |

**८. अपेक्षित उपलव्धिः-**

- आयोजना तथा अभियानको बारेमा जागकारी हासिल गर्न सक्नेछन ।
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता सम्बन्धि गुनासो सुनुवाइ र व्यवस्थापनमा सहजिकरण गर्न सक्नेछन ।
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता दर्ता शिविरको वारेमा बुझ्न र आवश्यक सहजिकरण गर्न सक्नेछन ।

९. **निष्कर्ष**:

यस लिखु गाउँपालिकामा सञ्चालन भएको जनप्रतिनिधिहरुलाई अभिमुखिकरण कार्यक्रम सञ्चालन गाउँ कार्यपालिकाको सभाहलमा सहभागी , गा.पा. अध्यक्ष नि. प्रमुख प्रशासकिय अधिकृतको सहयोगमा सफलतापूर्व क सम्पन्न गरियो ।

| **तयार गर्ने** | **रुजु गर्ने** | **प्रमाणित गर्ने** |
|---|---|---|
| खिला वि.क. | बलराम फुयल | दिनानाथ चौधरी |
| लिखु गाउँपालिका | लिखु गाउँपालिका | लिखु गाउँपालिका |
| सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता उप-शाखा प्रमुख | आर्थिक प्रशासन उप-शाखा प्रमुख | नि.प्रमुख प्रशासकीय अधिकृत |